DBAN
Development Bankers Association Nepal

## बाढी तथा प्राकृतिक विपद्का कारण उत्पन्न विषम परिस्थितिप्रति गहिरो दुःख व्यक्त

२०८३ भदौ १० गते भोटेकोशी खोलामा आएको बाढीलगायत देशका विभिन्न जिल्लामा निरन्तर आएको बाढी तथा प्राकृतिक विपद्का कारण मुलुक गम्भीर संकटपूर्ण परिस्थितिबाट गुज्रिरहेको छ। रसुवालगायत विभिन्न जिल्लामा बाढी तथा पहिरोका कारण भएको मानवीय तथा भौतिक क्षतिले सम्पूर्ण मुलुकलाई स्तब्ध बनाएको छ। यस दुःखद् परिस्थितिमा हामी डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल बाढी तथा प्राकृतिक विपद्का कारण ज्यान गुमाउनु भएका सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, शोकसन्तप्त परिवारजन तथा आफन्तप्रति गहिरो समवेदना व्यक्त गर्दै यस कठिन घडीमा उहाँहरूलाई धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी प्रार्थना गर्दछौं। प्राकृतिक विपद्का कारण देशका विभिन्न भौतिक संरचना, पूर्वाधार तथा सम्पत्तिमा पुगेको क्षतिप्रति समेत हामी गहिरो दुःख व्यक्त गर्दछौं।

हालसम्म पनि कतिपय व्यक्तिहरू सम्पर्कविहीन तथा बेपत्ता रहेको जानकारी प्राप्त भइरहेको सन्दर्भमा उहाँहरूको सकुशल उद्धार तथा सुरक्षित पुनर्मिलनका लागि हामी प्रार्थना गर्दछौं। उद्धार तथा राहत कार्यमा अहोरात्र खटिनुभएका स्थानीय समुदाय, नेपाल सरकार, नेपाली सेना, नेपाल प्रहरीलगायत सम्पूर्ण सुरक्षाकर्मी तथा उद्धारकर्मीहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। उद्धार कार्यमा संलग्न सम्पूर्ण व्यक्ति तथा सुरक्षाकर्मीहरूको सुरक्षा र स्वास्थ्यका लागि समेत हामी प्रार्थना गर्दछौं।

यस विषम परिस्थितिमा प्रभावित क्षेत्रमा रहेका सम्पूर्ण नागरिक तथा सम्बन्धित सबै महानुभावहरूलाई उच्च सतर्कता अपनाई आफ्नो सुरक्षा तथा स्वास्थ्यको विशेष ख्याल राख्न हामी हार्दिक आग्रह गर्दछौं।

बाढी तथा प्राकृतिक विपद्का कारण बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत केही कर्मचारीहरू समेत सम्पर्कविहीन तथा बेपत्ता भएको अवस्था रहेकोमा उहाँहरूका परिवारजनप्रति हामी सहानुभूति व्यक्त गर्दछौं र यस कठिन समयमा धैर्य धारण गर्न आग्रह गर्दछौं। सदस्य विकास बैंकहरूका केही शाखाहरू बाढी, विद्युत् आपूर्ति, नेटवर्क तथा सञ्चार सेवामा आएको अवरोधलगायतका कारण प्रभावित भएको जानकारी गराउँदछौं।

यस्तो असामान्य तथा विषम परिस्थितिमा आफ्ना सदस्य विकास बैंकहरूको तर्फबाट सम्भव भएसम्म राहत, उद्धार, सेवा निरन्तरता तथा पुनःस्थापना कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्न हामी डेभलपमेन्ट बैंकर्स एसोसिएसन प्रतिबद्ध छौं।

प्राकृतिक विपद्बाट प्रभावित सम्पूर्ण नागरिक तथा समुदायको शीघ्र उद्धार, राहत तथा पुनःस्थापना हुन सकोस् र मुलुक यथाशीघ्र सामान्य अवस्थामा फर्कियोस् भन्ने कामना गर्दछौं ।